## अनुसूची २

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

मिक्वाखोला **गाउँपालिका**

# स्थानीय राजपत्र

खण्डः... १ संख्याः.१८ मितिः२०७५/१२/२१

**भाग-२**

**मिक्वाखोला गाउँपालिका**

## मिक्वाखोला गाउँपालिका

### प्रकोप राहत वितरण सम्बन्धी मापदण्ड २०७५

गाउँपालिकामा बिभिन्न समयमा बिभिन्न प्रकारका बिपदहरु घट्ने भएकोले सो घटनाका पिडित परिवारहरुलाइ वितरण गरिने राहतमा एकरुपता कायम गर्न साथै राहत बितरण एवं सहयोगलाइ पारदर्शि गर्ने भन्ने उद्देश्यले स्थानीय सरकार सचालन ऐन २०७४ को दफा ११ को न (१) ले दिएको अधिकार अनुसार यो मापदण्ड तयार गरी लागु गरिएको छ ।

**१ प्रकोप भन्नाले देहायका प्रकोपहरुलाइ जनाउने छ**

क) "प्राकृतिक विपद्" भन्नाले हिमपात, असिना, हिमपहिरो, हिमताल विस्फोटन, अतिवृष्टि, अनावृष्टि, बाढी, पहिरो तथा भू-स्खलन, डुबान, खडेरी, आँधी, हुरी बतास, शीतलहर, तातो हावाको लहर, चट्याङ्ग, भूकम्प, ज्वालामुखी बिस्फोट, डढेलो वा यस्तै अन्य प्राकृतिक कारणले उत्पन्न जुनसुकै विपद् सम्झनु पर्छ ।

ख) “गैरप्राकृतिक विपद्” भन्नाले महामारी, बुद्युत सर्ट, अनिकाल, डढेलो, कीट वा सूक्ष्म जीवाणु आतङ्क, पशु तथा चराचुरुङ्गीमा हुने फ्लू, प्यान्डामिक फ्लू, सर्पदंश, जनावर आतङ्क, खानी, हवाई, सडक, जल वा औद्योगिक दुर्घटना, आगलागी, विषाक्त ग्याँस, रसायन वा विकिरण चुहावट, ग्याँस विष्फोटन, विषाक्त खाद्य सेवन, वातावरणीय प्रदूषण, वन विनाश वा भौतिक संरचनाको क्षति तथा प्रकोप उद्धार कार्यमा हुने दुर्घटना वा यस्तै अन्य गैरप्राकृतिक कारणले उत्पन्न विपद् सम्झनु पर्छ ।

## २ कोषको व्यवस्था

गाउँपालिकाको प्रकोप उद्धार कोषमा रु ७,०००००।- ( सात लाख) न्युनतम मौज्दात कायम राख्ने व्यवस्था वातावरण तथा बिपद् ब्यवस्थापन समिति मार्फत प्रमुख प्रशासकीय अधिकृतबाट मिलाइनेछ ।

## ३ तत्कालिन राहत वितरण

गाउँपालिकाले पिडित परिवारहरुलाइ राहत वितरण तथा पुनर्स्थापना गर्दा जिल्ला विपद् ब्यवस्थापन समितिसँगको समन्वय र सहकार्यमा देहायका बमोजिम राहत उपलब्ध गराउने छ ।

क) प्रकोप घटनामा परी कुनै व्यक्तिको मृत्यु भएको रहेछ भने राहत स्वरुप प्रति मृतक रु ५०,०००।- (पचास हजार) मृतकका परिवारलाइ सहयोग उपलब्ध गराउने ।

ख) कुनै पनि प्रकोपको घटनामा परी कुनै व्यक्तिको घर र खाधान्न लत्ताकपडा समेत पूर्ण रुपमा क्षति भएमा त्यस्तो परिवारलाइ तत्कालिन राहतका लागि नगद वा जिन्सी (खाद्य वा गैर खाद्य सामाग्री) रु २०,०००।- सम्म राहत उपलब्ध गराइने छ ।

ग) कुनै पनि प्रकोपको घटनामा परी कुनै व्यक्तिको घर र खाधान्न लत्ताकपडा समेत आंशिक रुपमा क्षति भएमा त्यस्तो परिवारलाइ तत्कालिन राहतका लागि नगद वा जिन्सी (खाद्य वा गैर खाद्य सामाग्री) रु १०,०००।- सम्म राहत उपलब्ध गराइने छ ।

घ) विपद्बबाट घर बहालमा बसेको भएमा वा पसल व्यवसाय समेत नोक्सानी भइ तत्काल गुजाराको लागि खाधान्न समेत नभएका वा दुवै अवस्थाका पीडित परिवारलाइ तत्काल आवश्यक व्यवस्थाको लागि प्रति परिवार नगद रु ५,००० ( पाँच हजार) सम्म वा सो बराबरको जिन्सी (खाद्य वा गैर खाद्य सामाग्री) सामान राहत उपलब्ध गराइने छ ।

ङ) कुनै प्रकोपका घटनामा परी घाइते भएका बिरामीहरुलाइ उपचारका लागि जिल्ला अस्पताल वा नजिकको स्वास्थ्य केन्द्रमा लैजानु पर्ने घाइते गरिब, असाय वा आर्थिक अवस्था कमजोर रहेछ भने त्यस्तो घाइतेलाइ अस्पताल लैजादाको एम्बुलेन्स खर्च भुक्तानी गरिने छ ।

च) विपद्ब बाट घाइते भएको कुनै ब्यक्तिलाइ अस्पतालमा भर्ना भइ उपचार गराउनु परेमा त्यस्तो घाइते गरिब, असाय वा आर्थिक अवस्था कमजोर भएमा त्यस्तो घाइतेको बिरामी कुरुवाको लागि खाना खाजा खर्च बापत एक पटकका लागि बढीमा रु ५,००० ( पाँच हजार) सम्म बिरामी कुरुवा खर्च उपलब्ध गराइने छ ।

छ) यसरी रकम उपलब्ध गराउँदा सम्बन्धित पिडित वा निजको नजिकको निबेदक, वडाको सिफारिस, प्रहरीको मुचुल्काको आधारमा उपलब्ध गराइने छ ।

ज) माथि जुन सुकै कुरा लेखिएको भएता पनि हावाहुरी वा चट्याङबाट घरको छानो वा अन्य सामान्य क्षति भएमा रु ५,००० ( पाँच हजार) सम्म राहत उपलब्ध गराउने र सोको लागि वडाले सिफारिस गरे अनुसार हुनेछ ।

## ४ दिर्घकालिन राहत एव ब्यवस्थापन

क) दफा ३ को (ख) र (ग) का पिडित परिवारकरुका लागि नगर बिपद् व्यवस्थापन समितिले थप सहायता (आर्थिक,खाद्यान्न एवं उपचार) उपलब्ध गराउनु पर्ने भएमा त्यसरी सहयोग गर्नु पर्ने परिवार संख्या एकिन गरी कार्यपालिकामा सिफारिस गर्ने छ । यसरी भएको सिफारिसका आधारमा कार्यपालिकाको बैठकले निर्णय गरे अनुसार थप सहयोग गरिने छ ।

ख) प्रकोपका कारण बसोबास गरी रहेको स्थानमा बसोबास गराउदा थप जोखिम हुने अवस्था रहेमा त्यस्तो पीडित परिवारलाइ सुरक्षित स्थानमा राखी बसोबास गराउनु पर्ने अवस्था भएमा बसोबास गराइने स्थान, परिवार संख्या, आवश्यक सामाग्रि र सोका लागि आवश्यक पर्ने बजेटको समेत अनुमान गरी नगर बिपद् ब्यवस्थापन समितिले कार्यपालिकामा सिफारिस गर्नु पर्ने छ । त्यसरी भएको सिफारिसको आधारमा जिल्ला बिपद् ब्यवस्थापन समितिसंग समन्वय गरी कार्यपालिकाको बैठकको निर्णय अनुसार आवश्यक व्यवस्था मिलाइने छ ।

ग) दफा क र ख अनुसारको कार्य गर्नका लागि पूर्ण रुपमा वा आसिक रुपमा कार्य गर्नका लागि नगर कार्यपालिका वा नगर बिपद् ब्यवस्थापन समितिले वडा समितिलाइ जिम्मेवारी तोक्न सक्ने छ । यसरी तोकिएको जिम्मेवारी अनुसारको कार्य गर्ने जिम्मेवारी सम्बन्धित वडा समितिको कर्तब्य हुने छ ।

## ५ कोषको संचालन

राहतको कोषको संचालन गर्ने, रेखदेख गर्ने र कोषको अवस्थाको बारेमा कार्यपालिकामा विवरण पेश गर्ने जिम्मेवारी प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको कर्मचारीको हुनेछ ।

## ६ बिबिध

क) प्रकोपका घटनामा परी घाइते हुनेहरुलाइ उपचारका क्रममा भएको खर्चको ब्यवस्थाका लागि जिल्ला बिपद् व्यवस्थापन समितिमा सिफारिस गर्ने ।

ख) प्रकोपका पीडितहरुलाइ पुन:स्थापना तथा पुन: निर्माणका लागि प्रचलित नीति तथा कानुन बमोजिम जिल्ला वन कार्यालय एवं स्थानीय वन उपभोक्ता समिति मार्फत सहुलियत दरमा काठ उपलब्ध गराउन पहल गर्ने ।

ग) घर घडेरी पूर्ण रुपमा नष्ट भएको पीडित परिवारका सदस्य मध्ये कुनै एक जनालाइ तोकिइएको मापदण्ड पूरा भएमा निजको इच्छाको आधारमा त्यस्ता पिडित परिवारहरुको प्रथमिकता निर्धारण गरी शैक्षिक अवस्था एवं उमेर र अवस्थालाइ विचार गरी नगर बिपद् ब्यवस्थापन समितिको सिफारिसमा गाउँपालिका मा कुनै पद रिक्त भएमा रोजगारीका लागि प्राथमिकता दिने ।

घ) निर्धारित मापदण्ड बमोजिम राहत सहयोग उपलब्ध गराउँदा नगर बिपद व्यवस्थापन समितिले घटना भएको १५ दिनभित्र सूचना प्राप्त भएको घटनाको पिडितलाइ मात्र राहत उपलब्ध गराइने छ

## ७ बाधा अडकाउ फुकाउने अधिकार

यस कार्यबिधि कार्यान्वयन गर्दा कुनै बाधा अडकाउ परेमा गाउँ कार्यपालिकाले त्यस्तो बाधा अडकाउ हटाउने छ ।

**८ खारेजि र बचाउ:** राहत सहयोग सम्बन्धी यस अघि कार्यपालिकाले गरेका निर्णयहरु यसै कार्यबिधि बमोजिम भए गरेको मानिने छ ।

आज्ञाले,

योगेन्द्र राज गुरुङ

प्रमुख प्रशासकीय अधिकृत